# बैदेशिक रोजगारमा रहेका कामदार/कर्मचारीहरुलाई कोषको दायरामा ल्याउने सम्बन्धमा कर्मचारी सञ्चय कोष र गैरआवासीय नेपाली संघ बीच भएको

# समझदारीपत्र

बैदेशिक रोजगारमा रहेका सम्पूर्ण कामदार/कर्मचारीहरुलाई कर्मचारी सञ्चय कोषमार्फत् सामाजिक सुरक्षाको दायरामा ल्याउने सम्बन्धमा कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित **कर्मचारी सञ्चय कोष** (यसपछि "कोष" भनिएको) र नेपाल सरकारमा बिधिबत दर्ता रहेको **गैरआवासीय नेपाली संघ** (यसपछि "संघ" भनिएको) बीच देहायको शर्त तथा अवस्थाहरु दुवै पक्षले पालना गर्ने गरी आज २०७३ साल आषाढ १० गतेका दिन कर्मचारी सञ्चय कोषको कार्यालय, पुल्चोक ललितपुरमा बसी यो समझदारीपत्रमा सहीछाप गरी एक/एक प्रति लियौं/दियौं ।

क) पृष्ठभूमि :

नेपालबाट बैदेशिक रोजगारमा जाने नेपालीको संख्या दिनहुं बढ्दै गईरहेको छ । करिब पैतालीस लाख नेपालीहरु खाडी मुलुक, मलेशिया, कोरिया र जापान लगायत देशहरुमा कार्यरत रहेका छन् भने बर्षेनी करिब पाँच लाख संख्याको हाराहारीमा देशका युवा जनशक्ति बैदेशिक रोजगारीमा जाने गरेको तथ्य बैदेशिक रोजगार बिभागको तथ्याङ्कले देखाएको छ । बैदेशिक रोजगारमा रहेका त्यस्ता जनशक्तिहरुलाई थप क्षतिपूर्ति र बीमाको ब्यवस्थाका साथै निबृत्तिभरण, सञ्चय कोष कट्टी लगायतका सामाजिक सुरक्षा सुबिधाहरु प्राप्त हुने अवस्था सृजना गर्न सके यसले उनीहरुको सामाजिक सुरक्षा बृद्धि भई थप लाभान्वित हुने देखिन्छ । सीमित सामाजिक सुरक्षाको दायरामा अवसर बृद्धि गर्न नेपालको एक अग्रीणी सामाजिक सुरक्षा संस्थाको रुपमा रहेको कर्मचारी सञ्चय कोषले हाल देशमा रहेका कामदार /कर्मचारीको मात्र सञ्चय कोष कट्टी गर्ने गरेकोमा कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन प्रस्ताव गरी बिधिबतरुपमा बैदेशिक रोजगारमा गएकाहरुलाई समेत समेट्ने प्रक्रिया अगाडि बढाई सकेको छ । सम्मानित ब्यवस्थापिका संसद समक्ष बिचाराधीन रहेको कर्मचारी सञ्चय कोष (नवौं संशोधन) बिधेयक, २०७३ पारित भएपछि बैदेशिक रोजगारमा रहेका सम्पूर्ण कामदार/कर्मचारीहरुलाई कर्मचारी सञ्चय कोष मार्फत् सामाजिक सुरक्षा सुबिधा प्राप्त हुने अवस्था भएकोले त्यसलाई मूर्तरुप दिन यो समझदारीपत्रले अहं भूमिका खेल्ने बिश्वास लिइएको छ ।

ख) उद्देश्य :

ब्यवस्थापिका संसद समक्ष बिचाराधीन रहेको कर्मचारी सञ्चय कोष (नवौं संशोधन) बिधेयक, २०७३ पारित भएपछि बैदेशिक रोजगारमा रहेका कामदार/कर्मचारीहरुलाई कोषको दायरामा ल्याउन एवं संघको सातौं बिश्व सम्मेलनमा घोषणा भए अनुसार हजारे अभियान मार्फत् बैदेशिक रोजगारमा रहेका नेपाली कामदार/कर्मचारीहरुलाई सामाजिक सुरक्षा प्रदान गर्न कोषसंगको सहकार्य मार्फत् गरिने अध्ययन अनुसन्धान लगायत अन्य क्रियाकलापमा कोष र संघ बीच आपसी सहकार्य गर्नु गराउनु यस समझदारीपत्रको उद्देश्य हो ।

क्रमश....

Non-Resident Nepali Association NRNA Kathmandu

ग) शर्त तथा अवस्थाहरु :

१. प्रस्तावित कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन भएपश्चात् वैदेशिक रोजगारमा रहेका सम्पूर्ण कामदार कर्मचारीहरुलाई कोषबाट सामाजिक सुरक्षण सुविधा प्रदान गर्ने प्रकृया निरुपण गर्ने सम्वन्धमा अध्ययन गर्न गठित कार्यदल, अध्ययन समूह वा समिति उपसमितिमा संघका प्रतिनिधि समेत समावेश गराई सयुक्त रुपमा अध्ययन गर्ने व्यवस्था मिलाइने छ।

२ संघले वैदेशिक रोजगारमा रहेका कामदार कर्मचारीहरुको सामाजिक सुरक्षण सम्वन्धी विषयमा गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरीय गोष्ठी, अन्तरक्रिया छलफल तथा अन्य कार्यकमहरुमा कोषलाई सहभागी गराउने छ र कोषमार्फत् गराउन सकिने विषयको बजारीकरण गर्ने व्यवस्था मिलाउने छ।

३. संघले गर्ने वैदेशिक रोजगारमा रहेका कामदार कर्मचारीहरुको सामाजिक सुरक्षण सम्वन्धी कार्यकमहरुमा कोषले सो सम्वन्धी सूचना तथा जानकारीहरु आवश्यकतानुसार उपलब्ध गराउने छ र सो विषयमा प्रस्तुतीकरण समेत गर्ने छ।

४. वैदेशिक रोजगारमा रहेका कामदार कर्मचारीहरुको कोषट्टी रकम कोषमा ल्याउने प्रकृया निरुपण गर्न संघ र संघ अर्न्तगतका अन्य निकायहरुबाट कोषले आवश्यकता अनुसार सहयोग प्राप्त गर्ने छ।

५ समझदारीपत्र कार्यान्वयनका लागि कोष र संघबाट आफू अधीनस्थ सम्बन्धित सबै निकायहरुलाई जानकारी गराई कार्यान्वयनको व्यवस्था मिलाइने छ।

६ समझदारीपत्र कार्यान्वयनको सिलसिलामा कुनै पक्षलाई द्विविधा भएमा एक आपसमा छलफल गरी द्विविधाको निराकरण गरिने छ।

| कोषको तर्फबाट अख्तियारप्राप्त | संघको तर्फबाट अख्तियारप्राप्त |
|---|---|
| दस्तखत : ........................ | दस्तखत : ........................ |
| नाम : कृष्ण प्रसाद आचार्य | नाम : डा. शेष घले |
| पद : प्रशासक | पद : अध्यक्ष |
| साक्षी | साक्षी |
| दस्तखत : ........................ | दस्तखत : ........................ |
| नाम थर : राजेन्द्र काफ्ले | नाम थर : राजेश शम्शेर राणा |
| पद : का.सु. मुख्य अधिकृत | पद : कार्यकारी निर्देशक |

वि.सं. २०७३ साल आषाढ महिना १० गते रोज ६ शुभम्।

Non-Resident Nepali Association
NRN
Kathmandu, Nepal